पञ्चपुरी नगरपालिकाको

आर्थिक वर्ष २०८३/०८४ को

# बजेट तथा कार्यक्रम

पञ्चपुरी नगरपालिका

२०८३ साल असार १० गते

CS CamScanner

नगरसभाका सभाध्यक्षज्यु,

नगरसभा सदस्यज्युहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यु,

राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजिवीहरु, सुरक्षाकर्मी, पत्रकार मित्रहरु र उपस्थित सम्मपुर्ण महानुभावहरु,

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना संविधानतः भएपछि नेपालले संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको संरचना अंगिकार गरे पश्चात स्थानीय तह सदस्यको दोस्रो निर्वाचन सम्पन्न भएको पनि ४ वर्ष पुरा भैसकेको छ। पञ्चपुरी नगरपालिकाको पहिलो कार्यकाल सफल भएकै मान्नुपर्दछ। स्थानीय तहको सदस्यको दोश्रो पटक निर्वाचन भए पश्चयात निर्वाचित जनप्रतिनिधिले आफ्नो कार्यभार सम्हालेको पनि चार वर्ष पुरा भएको छ। यस परिप्रेक्ष्यमा पञ्चपुरी नगरपालिकाको बजेट तथा कार्यक्रम समितिको संयोजकको हैसियतले सम्मानित सभाबाट स्वीकृत नीति तथा कार्यक्रमको अधिनमा रहि सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्तै गौरवान्वित भएको अनुभव गरेको छु।

२. सर्वप्रथम राष्ट्रिय स्वतन्त्रता, स्वाधिनता, सामाजिक न्याय र परिवर्तनका लागि बलिदान दिनुहुने सम्पुर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाईते, वेपत्ता, पिडित परिवार र सम्पुर्ण नागरिकहरु प्रति पञ्चपुरी नगरपालिकाको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

३. यस नगरपालिकाको बजेट तयार गर्ने सन्दर्भमा नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम, आवधिक योजना, दिगो विकासका लक्ष्य, विभिन्न ऐन, कानून नियम र कार्यविधिहरुबाट निर्देशित हुँदै यस नगरसभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्नेगरी बजेट तर्जुमा गरेको छु।

४. बजेट तयार गर्ने क्रममा विगतको हाम्रो अनुभव, माननीय संघीय एवं प्रदेश सांसद, स्थानीय राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र सहकारी एवं स्थानीय सामुदायिक संघसंस्था, बुद्धिजिवी, सञ्चारकर्मी लगायतको क्षेत्रबाट प्राप्त राय, परामर्श, सुझाव लगायतको अन्य विभिन्न क्षेत्रबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेट्दै आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रमको तर्जुमा गरिएको छ।

५. "पर्यटन, कृषि, पशुपालन, स्वास्थ्य तथा स्वरोजगारः सुदृढ जनस्वास्थ्य सहितको समृद्धि पञ्चपुरीका आधार" भन्ने दिर्घकालिन सोचलाई मुर्तरुप दिन भरपर्दो, सर्वसुलभ र गुणस्तरीय सेवा तथा सुविधा नगरवासीहरुलाई उपलब्ध गराई उनीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउन नगर सरकार दृढ संकल्पित रहेको छ।

६. संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान, संविधान प्रदत्त स्थानीय साधन र स्रोतको अधिकतम उपयोगबाट प्राप्त हुने राजश्वलाई बजेटको प्राथमिकतामा राखी आयोजनाहरुको बाँडफाँडको व्यवस्था मिलाएको छु। जसबाट उत्पादकत्वमा वृद्धि भई गरिबी न्यूनीकरण र स्वरोजगारका अवसरहरु वृद्धि ग... समग्र नगरको समृद्धि हासिल हुने अपेक्षा गरिएको छ।

मुक्ति देवी रेग्मी (पुरी)
नगर उप-प्रमुख

७. नगर क्षेत्र भित्र कार्यक्रमहरु सञ्चालन गर्दा अनुत्पादक क्षेत्रमा खर्च घटाउने, पुँजिगत बजेटको क्षेत्र बढाउने र चालु खर्चमा मितव्ययीता अपनाउने गरी बजेट प्रस्ताव गरेको छु।

८. स्थानीय सरकारका क्षेत्राधिकार भित्र रहेका कर र गैरकर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखी नगरलाई आत्मनिर्भर तर्फ उन्मुख बनाउनेमा जोड दिएको छु।

९. नेपालको संविधानमा उल्लेखित स्थानिय तहको अधिकारको सूची, सार्वजनिक सेवा प्रवाहमा स्थानीय सरकारको भूमिका र संतुलित विकासका आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन, संशोधन र निरन्तरता दिंदै गतिशिल र लगानीमैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी बजेट विनियोजन गरेको छु।

१०. नगरपालिकाले लिएका लक्ष्य पुरा गर्न आ.व. २०८३/०८४ को लागि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- नगरबाट प्रवाह गरिने सेवा र सुविधाको गुणस्तरमा सुधार ल्याउन उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी समयानुकुल प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने,
- शिक्षा क्षेत्रमा लगानी गरी नगरको शिक्षाको गुणस्तरमा गुणात्मक फड्को मार्दै गरिवी, बेरोजगारी, असमानता र परनिर्भरता जस्ता समस्यालाई न्यूनीकरण गर्दै लैजाने,
- कृषिजन्य, पशुपन्छीजन्य र फलफूल उत्पादनलाई विशेष प्रोत्साहन गर्दै नगरलाई आत्मनिर्भर बनाउँदै लैजाने,
- सहभागितामूलक, सन्तुलित बजेट वितरण र नतिजामूखी विकास पद्दतिको अवलम्बन गर्ने,
- आर्थिक, भौतिक र सामाजिक पूर्वाधारको समुचित विकास गरी समृद्ध नगर सुखी र खुसी नगरवासीको लक्ष्यलाई परिपूर्ति गर्न सरोकारवालाको भूमिका निर्धारण र जनसहभागितामा बृद्धि गर्दै लैजाने,
- वित्तिय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र समेतको सहकार्यलाई बढावा दिंदै लैजाने,
- नगर क्षेत्रका सबै आर्थिक क्रियाकलापहरुलाई करको दायराभित्र ल्याउन राजश्व व्यवस्थापन सुदृढिकरण गरी नगरलाई आत्मनिर्भरता तर्फ उन्मुख गर्दै लैजाने।

११. पञ्चपुरी नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रमको प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- नगरको शैक्षिक गुणस्तरमा परिमाणात्मक र गुणात्मक सुधार ल्याउने,
- चालु आ.व.२०८२/०८३ का क्रमागत रुपमा सञ्चालनमा रहेका आयोजनालाई प्राथमिकतामा राखी निर्माण कार्य पुरा गर्ने,
- दिगो विकासका लागि भौतिक पुर्वाधारहरुको संरचना निर्माण गर्दा आधारभूत तहको पूर्वाधार निर्माणमा विशेष जोड दिने,
- स्थानीय साधन, स्रोत, श्रम र सीप प्रविधिको अधिकतम प्रयोग गरी नगरको विकासमा विशेष जोड दिने,

मुक्ति देवी रेग्मी (पुरी)
नगर उप-प्रमुख

- गरिवी न्यूनीकरण, रोजगारी सिर्जना, आय आर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्याउने कार्यक्रम संचालन गर्दा स्थानीय जनसहभागितामा सञ्चालन गर्ने,
- कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार र व्यवसाय फस्टाउन सक्ने गरी लगानीको वातावरण सिर्जना गर्ने साथै नगरलाई आत्मनिर्भर गराउँदै लैजाने,
- स्थानीय भेषभुषा, धर्म संस्कृतिको पहिचान गरी संरक्षण र प्रवर्द्धन गर्ने,
- नगरपालिकाबाट हुने सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा विशेष योगदान पुर्याउने।
- कर्मचारीको मनोवल वृद्धि गर्न संघीय सरकारले वृद्धि गरे अनुसारको तलब भत्ता तथा प्रोत्साहानको व्यवस्था मिलाएको छ ।

सभाध्यक्ष महोदय,

१२. अब म चालु आर्थिक वर्षको समष्टिगत आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु। चालु आ.ब. २०८२/०८३ को असार १० गते सम्मको समिक्षा ।

## आय तर्फः

| क्र.सं. | आयको स्रोत | बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी सरेको | २ करोड ९२ लाख ७९ हजार २२५ रुपैयाँ ०२ पैसा | |
| २ | आन्तरिक आय | १ करोड १९ लाख ५८ हजार ९७ रुपैयाँ ९० पैसा | |
| ३ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | ८ करोड ४७ लाख २७ हजार २९० रुपैयाँ | |
| ४ | संघीय सरकार सशर्त अनुदान | २५ करोड ४१ लाख ६२ हजार ४०० रुपैयाँ | |
| ५ | संघीय सरकार विशेष अनुदान | ० | |
| ६ | संघीय सरकार राजश्व बाँडफाँड | १० करोड ३ लाख ९८ हजार १७६ रुपैयाँ ४५ पैसा | |
| ७ | संघीय सरकार समपूरक अनुदान | २० लाख २३ हजार रुपैयाँ | |
| ८ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | १ करोड ४९ लाख २७ हजार रुपैयाँ | |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | ३ करोड २ लाख ३० हजार रुपैयाँ | |
| १० | प्रदेश सरकार विशेष अनुदान | ० | ० |
| ११ | प्रदेश सरकार समपूरक अनुदान | १४ लाख ९१ हजार ७४४ रुपैयाँ | |
| १२ | प्रदेश सरकार राजश्व बाँडफाँड | १६ लाख २६ हजार ४३२ रुपयाँ ७० पैसा | |
| १३ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४ लाख रुपैयाँ | |
| १४ | प्रकोप व्यवस्थापन कोष | ३० लाख रुपैयाँ | |
| १५ | कोरोना संक्रमण नियन्त्रण र | १२ लाख ३४ हजार ३८९ रुपैयाँ | |

| | | | |
|---|---|---|---|
| | उपचार कोष | | |
| १६ | मर्मत सम्भार कोष | ३९ लाख ५१ हजार ६२७ रुपैयाँ | |
| १७ | कर्मचारी कल्याण कोष | २२ लाख ३८ हजार ८५७ रुपैयाँ | |
| १८ | महिला तथा बालबालिका कोष | ९२ हजार ३०० रुपैयाँ | |
| १९ | सडक वोर्ड नेपाल | ० | |
| २० | सामुदायिक स्वास्थ्य इकाई सञ्चालन र व्यवस्थापन | ६ लाख रुपैयाँ | |
| २१ | जन सहभागिता (आन्तरिक श्रोत) | ८ लाख ७८ हजार ५५५ | |
| २२ | विविध खर्च खाता कोष | १ करोड ८२ लाख ८९ हजार ६८० रुपयाँ ३० पैंसा | |
| २३ | धरौटी खाता | १ करोड ८५ लाख ९५ हजार ४९६ रुपैयाँ ६० पैंसा | |
| | जम्मा | ५६ करोड ५१ लाख ७७ हजार २७० रुपैया ९७ पैंसा | |

## खर्च तर्फः

| क्र.सं. | खर्चको शिर्षक | वजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक स्रोत अल्या समेत | ३ करोड १० लाख ९२ हजार १५२ रुपैयाँ २१ पैंसा | |
| २ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | ४ करोड ७४ हजार ५४ रुपैया | |
| ३ | संघीय सरकार सशर्त अनुदान | १९ करोड १२ लाख ७१ हजार २० रुपैंया ६२ पैंसा | |
| ४ | संघीय सरकार विशेष अनुदान | ० | |
| ५ | संघीय सरकार समपूरक अनुदान | २० लाख २३ हजार रुपैयाँ | |
| ६ | संघीय सरकार राजश्व वाँडफाँड | ७ करोड ९६ लाख ९४ हजार ५९३ रुपैया ३२ पैसा | |
| ७ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | ५७ लाख ८२ हजार ७८४ रुपैयाँ | |
| ८ | प्रदेश सरकार सशर्त अनुदान | ३५ लाख ६७ हजार ५६६ रुपैयाँ | |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ० | ० |
| १० | प्रदेश सरकार समपूरक अनुदान | १४ लाख ९१ हजार ७४४ रुपैयाँ | |
| ११ | प्रदेश सरकार राजश्व वाँडफाँड | १ लाख ६४ हजार ८८० रुपैयाँ | |
| १२ | प्रकोप व्यवस्थापन कोष | ८ लाख १६ हजार ४७४ रुपैयाँ | |
| १३ | मर्मत सम्भार कोष | ५ लाख ५० हजार २४५ रुपैयाँ | |
| १४ | कर्मचारी कल्याण कोष | ०. | |
| १५ | महिला बालबालिका कोष | ० | |
| १६ | विविध खर्च खाता | ६ लाख २८ हजार ४०० रुपैयाँ | |

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

| | | | |
|---|---|---|---|
| १७ | सडक बोर्ड नेपाल | ० | |
| १८ | धरोटी खाता | ६ लाख १५ हजार १८९ रुपैयाँ | |
| | जम्मा | ३५ करोड ७७ लाख ७२ हजार १०२ रुपैया १५ पैसा | |

**खर्चको यथार्थ विवरण:**

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/०९ बजेट प्रकार : पूंजीगत

| क.सं. | खर्च शीर्षक | शीर्षक | जम्मा | | |
|---|---|---|---|---|---|
| | | | बजेट | खर्च | मौज्दात |
| १ | ३१११११ | आवासीय भवन निर्माण/खरिद | ९०,००,०००.०० | ३०,००,०००.०० | ६०,००,०००.०० |
| २ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १,८४,५०,०००.०० | १९,७२,५४३.०० | १,६४,७७,४५७.०० |
| ३ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १०,१०,०००.०० | ९७,०००.०० | ९,१३,०००.०० |
| ४ | ३११२१ | सवारी साधन | १२,००,०००.०० | ०.०० | १२,००,०००.०० |
| ५ | ३११२२ | मेशिनरी तथा औजार | ३३,५०,०००.०० | ०.०० | ३३,५०,०००.०० |
| ६ | ३११२३ | फर्निचर तथा फिक्चर्स | २४,९०,०००.०० | २,००,०००.०० | २२,९०,०००.०० |
| ७ | ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ५०,००,०००.०० | २०,५४,५००.०० | २९,४५,५००.०० |
| ८ | ३११३५ | पूंजीगत परामर्श खर्च | २२,००,०००.०० | ६,९९,४६८.०० | १५,००,५३२.०० |
| ९ | ३११५१ | सडक तथा पूल निर्माण | ८,००,०५,०००.०० | ३२,३८,१४६.०० | ७,६७,६६,८५४.०० |
| १० | ३११५३ | विद्युत संरचना निर्माण | २,८०,०००.०० | २,७५,५११.०० | ४,४८९.०० |
| ११ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | ३,००,०००.०० | २,९०,७०५.०० | ९,२९५.०० |
| १२ | ३११५५ | सिंचाई संरचना निर्माण | ४,८५,४०,०००.०० | १,८६,५१,१५९.०० | २,९८,८८,८४१.०० |
| १३ | ३११५६ | खानेपानी संरचना निर्माण | २,२४,१०,०००.०० | २१,६७,९०६.०० | २,०२,४२,०९४.०० |
| १४ | ३११५८ | सरसफाई संरचना निर्माण | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| १५ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ३,२८,५३,५५२.०० | ६८,८६,५३६.०० | २,५९,६७,०१६.०० |
| १६ | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १२,५०,०००.०० | २,४९,८९९.०० | १०,००,१०१.०० |
| ७ | ३११७१ | पूंजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३,२९,१०,०००.०० | १,१०,३४,९८८.०० | २,१८,७५,०१२.०० |

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | ३११७२ | पूंजीगत अनुसन्धान तथा परामर्श | २९,००,०००.०० | १०,८१,९१८.०० | १८,१८,०८२.०० |
| कुल जम्मा | | | २६,४४,४८,५५२.०० | ५,१९,००,२७९.०० | २१,२५,४८,२७३.०० |

## चालु तर्फ

| क.सं. | खर्च शीर्षक | शीर्षक | जम्मा | | |
|---|---|---|---|---|---|
| | | | बजेट | खर्च | मौज्दात |
| 1 | २१११११ | पारिश्रमिक कर्मचारी | २१,००,००,०००.०० | १६,०३,३८,०२६.६० | ४,९६,६१,९७३.४० |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | १,४०,००,०००.०० | १,०७,११,७९५.२५ | ३२,८८,२०४.७५ |
| ३ | २११२१ | पोशाक | ४०,०००.०० | ०.०० | ४०,०००.०० |
| ४ | २११२२ | खाद्यान्न | १,७९,६१,०००.०० | १,०१,९४,१००.०० | ७७,६६,९००.०० |
| ५ | २११३३ | फिल्ड भत्ता | २४,००,०००.०० | ०.०० | २४,००,०००.०० |
| ६ | २११३४ | कर्मचारीको बैठक भत्ता | ३,००,०००.०० | १३,५००.०० | २,८६,५००.०० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १०,००,०००.०० | ७,३४,६००.०० | २,६५,४००.०० |
| ८ | २११३९ | अन्य भत्ता | ३२,५५,०००.०० | १९,५९,१७७.०० | १२,९५,८२३.०० |
| ९ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| १० | २१२१४ | कर्मचारी कल्याण कोष | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० |
| ११ | २२१११ | पानी तथा बिजुली | ६,३०,०००.०० | ३,८६,७९०.०० | २,४३,२१०.०० |
| १२ | २२११२ | संचार महसुल | १८,००,०००.०० | ४,९७,९१५.०० | १३,०२,०८५.०० |
| १३ | २२२११ | इन्धन (पदाधिकारी) | ६,००,०००.०० | ३,६८,२७५.०० | २,३१,७२५.०० |
| १४ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३०,००,०००.०० | २२,४२,०३८.०० | ७,५७,९६२.०० |
| १५ | २२२१३ | सवारी साधन मर्मत खर्च | ३३,७०,०००.०० | १२,०५,०४८.०० | २१,६४,९५२.०० |
| १६ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ८,००,०००.०० | ०.०० | ८,००,०००.०० |
| १७ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ११,५०,०००.०० | १,८४,५००.०० | ९,६५,५००.०० |
| १८ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५४,५०,०००.०० | २९,९४,१५२.०० | २४,५५,८४८.०० |

लक्ष्मी देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | २२३१२ | पशुपंक्षीहरूको आहार | ५,००,०००.०० | ४,७५,४३६.०० | २४,५६४.०० |
| २० | २२३१३ | पुस्तक तथा सामग्री खर्च | ७,००,०००.०० | ०.०० | ७,००,०००.०० |
| २१ | २२३१४ | इन्धन - अन्य प्रयोजन | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| २२ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २०,२५,०००.०० | ४,५२,३९४.०० | १५,७२,६०६.०० |
| २३ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| २४ | २२४११ | सेवा र परामर्श खर्च | ५,८२,३००.०० | ०.०० | ५,८२,३००.०० |
| २५ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| २६ | २२४१३ | करार सेवा शुल्क | ३,८१,१८,७५०.०० | ३,०१,८१,७५९.३० | ७९,३६,९९०.७० |
| २७ | २२४१४ | सरसफाईसेवा शुल्क | ६,३०,०००.०० | १,८५,७३५.०० | ४,४४,२६५.०० |
| २८ | २२४१९ | अन्य सेवा शुल्क | ५०,०००.०० | ०.०० | ५०,०००.०० |
| २९ | २२५११ | कर्मचारी तालिम खर्च | ७,००,०००.०० | ४,८७,५४६.०० | २,१२,४५४.०० |
| ३० | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ३१ | २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ३१,७१,०००.०० | २३,०३,३३३.०० | ८,६७,६६७.०० |
| ३२ | २२५२२ | कार्यक्रम खर्च | २,८३,४१,७००.०० | ५७,५४,२५८.०० | २,२५,८७,४४२.०० |
| ३३ | २२५२९ | विविध कार्यक्रम खर्च | २,७४,८५,०००.०० | १,१५,२३,४५४.०० | १,५९,६१,५४६.०० |
| ३४ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३९,५९,०००.०० | २७,०५,४४२.०० | १२,५३,५५८.०० |
| ३५ | २२६१२ | भ्रमण खर्च | १३,७५,०००.०० | ४,३०,५४८.०० | ९,४४,४५२.०० |
| ३६ | २२६१९ | अन्य भ्रमण खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ३७ | २२७११ | विविध खर्च | १,६६,६७,२५०.०० | ७९,४०,३७९.०० | ८७,२६,८७१.०० |
| ३८ | २२७२१ | सभा सञ्चालन खर्च | ५,००,०००.०० | ३,९०,२२३.०० | १,०९,७७७.०० |
| ३९ | २५२११ | गैर वित्तीय व्यवसायहरूलाई चालु सहायता | १,५०,०००.०० | १,३९,५७५.०० | १०,४२५.०० |
| ४० | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ४,५४,४९,४४८.०० | ३,४५,१३,३४७.०० | १,०९,३६,१०१.०० |

ज्योति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | २५३१२ | स्वास्थ्य संस्थाहरूलाई सहायता | १२,००,०००.०० | ०.०० | १२,००,०००.०० |
| ४२ | २५३१४ | धार्मिक तथा सांस्कृतिक संस्था सहायता | ४,५०,०००.०० | ४,३५,८९५.०० | १४,१०५.०० |
| ४३ | २५३१५ | अन्य संस्था सहायता | ३,२६,०००.०० | ४९,७००.०० | २,७६,३००.०० |
| ४४ | २७१११ | सामाजिक सुरक्षा | १९,२०,०००.०० | १२,६५,०००.०० | ६,५५,०००.०० |
| ४५ | २७११२ | अन्य सामाजिक सुरक्षा | १,२०,०००.०० | ०.०० | १,२०,०००.०० |
| ४६ | २७२११ | छात्रवृत्ति | ८४,१३,०००.०० | ४०,७२,८३५.०० | ४३,४०,१६५.०० |
| ४७ | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ३०,००,०००.०० | ६,२४,४७४.०० | २३,७५,५२६.०० |
| ४८ | २७२१३ | औषधीखरिद खर्च | ४४,०४,०००.०० | १९,६४,५३८.०० | २४,३९,४६२.०० |
| ४९ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५,००,०००.०० | २,४१,३७०.०० | २,५८,६३०.०० |
| ५० | २८२१९ | अन्य फिर्ता | २४,३१,७७२.०० | ०.०० | २४,३१,७७२.०० |
| कुल जम्मा | | | ४६,२६,२५,२२०.०० | २९,७९,६७,१५८.१५ | १६,४६,५८,०६१.८५ |
| चालु र पुंजिगत कुल जम्मा | | | ७२७०७३७७२.०० | ३४९८६७४३७.१५ | ३७७२०६३३४.८५ |

सभाध्यक्ष महोदय,

१४. आगामी वर्ष २०८३/०८४ को लागि प्रस्तावित संक्षिप्त बजेट यस प्रकार प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आय तर्फः**

| क्र.सं. | आयको स्रोत | बजेट रकम रु | कैफियत |
|---|---|---|---|
| १, | गत वर्षको जिम्मेवारी सरेको | १ करोड ५० लाख रुपैयाँ | |
| २ | आन्तरिक आय | १ करोड ६९ लाख ५३ हजार ३०० रुपैयाँ | |
| ३ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | १२ करोड २५ लाख रुपैयाँ | |
| ४ | संघीय सरकार सशर्त अनुदान | २३ करोड ८१ लाख ७२ हजार ६५० रुपैयाँ | |
| ५ | संघीय सरकार विशेष अनुदान | ७१ लाख रुपैयाँ | |
| ६ | संघीय सरकार संमपूरक अनुदान | २ करोड २५ लाख रुपैयाँ | |
| ७ | संघीय सरकार राजश्व बाँडफाँड | १४ करोड ९५ लाख ८ हजार रुपैयाँ | |
| ८ | प्रदेश सरकार वित्तिय | १ करोड २६ लाख ७१ हजार रुपैयाँ | |

| | | | |
|---|---|---|---|
| | समानीकरण अनुदान | | |
| ९ | प्रदेश सरकार सशर्त अनुदान | ५ करोड ५४ लाख १२ हजार रुपैयाँ | |
| १० | प्रदेश सरकार समपूरक अनुदान | ० | |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ९० लाख रुपैयाँ | |
| १२ | प्रदेश सरकार राजश्व बाँडफाँड | १६ लाख २६ हजार ४३२ रुपैया ३७ पैंसा | |
| १३ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४ लाख रुपैयाँ | |
| १४ | प्रकोप व्यवस्थापन कोष | २१ लाख ८३ हजार ५२६ रुपैयाँ | |
| १५ | कोरोना संक्रमण नियन्त्रण र उपचार कोष | १२ लाख ३४ हजार ३८९ रुपैयाँ | प्रकोप व्यवस्थापन |
| १६ | मर्मत सम्भार कोष | ३४ लाख रुपैयाँ | |
| १७ | कर्मचारी कल्याण कोष | २२ लाख ३८ हजार ८५७ रुपैयाँ | |
| १८ | सडक वोर्ड नेपाल | ० | |
| १९ | महिला तथा बालबालिका कोष | १२ हजार ३०० रुपैयाँ | |
| २० | सामुदायिक स्वास्थ्य इकाई सञ्चालन र व्यवस्थापन | ६ लाख रुपैयाँ | |
| २१ | विविध खर्च खाता | १ करोड ७६ लाख ६१ हजार २८० रुपैया ३० पैंसा | |
| २२ | धरौटी खाता | १ करोड ७९ लाख ३०७ रुपैया ६० पैंसा | |
| | जम्मा | ६९ करोड ६२ लाख३४ हजार ४२ रुपैया २७ पैंसा | |

**खर्च तर्फः**

| क्र.सं. | खर्चको शिर्षक | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | २ करोड १० लाख रुपैयाँ | वडाको सिलिङ्ग समेत |
| २ | सामाजिक विकास | ४ करोड ५० लाख रुपैयाँ | वडाको सिलिङ्ग समेत |
| ३ | पुर्वाधार विकास | ५ करोड ४० लाख रुपैयाँ | वडाको सिलिङ्ग समेत |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ८० लाख रुपैयाँ | |
| ५ | संस्थागत विकास तथा सुशासन | १७ करोड २५ लाख ८ हजार ७३२ रुपैया ३७ पैंसा | |
| ६ | पालिकाको समपुरक रकम | १ करोड ५० लाख रुपैयाँ | |
| ७ | संघीय सरकार सशर्त अनुदान | २३ करोड ८१ लाख ७२ हजार ६५० रुपैयाँ | |
| ८ | संघीय सरकार विशेष अनुदान | ७१ लाख रुपैयाँ | |
| ९ | संघीय सरकार समपूरक | २ करोड २५ लाख रुपैयाँ | |

| | | | |
|---|---|---|---|
| | अनुदान | | |
| १० | प्रदेश सरकार सशर्त अनुदान | ५ करोड ५४ लाख १२ हजार रुपैयाँ | |
| ११ | प्रदेश सरकार समपूरक अनुदान | ० | |
| १२ | प्रदेश सरकार विशेष अनुदान | ९० लाख रुपैयाँ | |
| १३ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४ लाख रुपैयाँ | |
| १४ | प्रकोप व्यवस्थापन कोष | २१ लाख ८३ हजार ५२६ रुपैयाँ | |
| १५ | कोरोना संक्रमण नियन्त्रण र उपचार कोष | १२ लाख ३४ हजार ३८९ रुपैयाँ | |
| १६ | मर्मत सम्भार कोष | ३४ लाख रुपैयाँ | |
| १७ | कर्मचारी कल्याण कोष | ७२ लाख ३८ हजार ८५७ रुपैयाँ | |
| १८ | सडक वोर्ड नेपाल | ० | |
| १९ | महिला तथा बालबालिका कोष | ९२ हजार ३०० रुपैयाँ | |
| २० | सामुदायिक स्वास्थ्य इकाई सञ्चालन र व्यवस्थापन | ६ लाख रुपैयाँ | |
| २१ | विविध खर्च खाता | १ करोड ७६ लाख ६१ हजार २८० रुपैया ३० पैसा | |
| २२ | धरौटी खाता | १ करोड ७९ लाख ८० हजार ३०७ रुपैयाँ ६० पैसा | |
| | जम्मा | ६९ करोड ६२ लाख ३४ हजार ४२ रुपैया २७ पैसा | |

मुक्ति देवि रेग्मी (पुरी)
नगर उप-प्रमुख

**अन्तमा,**

१९ औं नगरसभाको शुभारम्भ कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्ने तथा नगरपालिकाको विकास निर्माणको कार्यमा सहयोग पुयउिने नगर प्रमुख ज्यु, कार्यपालिका सदस्यज्युहरु, नगरसभा सदस्यज्युहरुबाट गहन मार्ग दर्शन एवम् रचनात्मक सुझाव प्राप्त हुनेछन्। उक्त मार्ग दर्शन एवम् सुझावहरुलाई मनन गरी नगरको समग्र विकासलाई यथोचित ढंगले सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम पारित गर्नमा सहयोग प्राप्त हुने विश्वास लिएको छु। साथै नगरको समग्र विकास अभियानमा संवेदनशिल भै सहयोग गर्नुहुने राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिजयुहरु, राष्ट्रसेवक कर्मचारी,

मुक्ति देवि रेग्मी
नगर उप-प्र

CamScanner

संघसंस्था, उद्योग बाणिज्य संघ, समाजसेवी, बुद्धिजिवी, शिक्षक, नागरिक समाज, सञ्चारकर्मी लगायत समग्र नगरबासी दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक कृतज्ञता एवं धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद। जय पञ्चपुरी।

.........................................

मुक्तिदेवी रम्मी (पुरी)

उप-प्रमुख